# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, मंसीर २३ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(ङ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७

बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस गठन आदेशको नाम "बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो गठन आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ को दफा २ मा संशोधन: बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ (यस पछि "मूल गठन आदेश" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ।

"(घ) "बैद्यनाथ धाम" भन्नाले बैद्यनाथ मन्दिरको हकभोग र प्रयोगमा रहेको क्षेत्र तथा संरचनाहरु, दह, संग्रहालय, फाँट तथा बैद्यनाथ धामको स्थापना कालदेखि निरन्तर रुपमा पुजा सामग्री (डोला) आइरहेको स्थानहरुलाई सम्झनु पर्छ ।"

३. मूल गठन आदेशको दफा ३ मा संशोधन: मूल गठन आदेशको दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

"(ख) बैद्यनाथ धामको संरक्षण र विकासमा योगदान पुऱ्याउँदै आएका व्यक्तिहरु मध्येबाट कम्तीमा दुईजना महिला सहित मन्त्रालयले नियुक्त गरेका सात जना - सदस्य ।"

(२) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ।

"(ग१) चौरपाटी गाउँपालिकाको अध्यक्ष- सदस्य।"

४. मूल (गठन) आदेशको ठाउँ-ठाउँमा रहेका "बैद्यनाथ क्षेत्र" भन्ने शब्दहरुको सट्टा "बैद्यनाथ धाम" भन्ने शब्दहरु राखिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७७।०८।२३

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-